# सामाजिक परिचालन अभ्यास

## विकास प्रभावकारिता अभिवृद्धिका लागि जनसशक्तिकरणका उपायहरू

**समुदाय सहयोग कार्यक्रम (दोस्रो चरण)का प्रतिविम्बहरू**

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)

विकास प्रभावकारिता अभिवृद्धिका लागि जनसशक्तिकरणका उपायहरू

S

# सामाजिक परिचालन अभ्यास

## विकास प्रभावकारिता अभिवृद्धिका लागि जनसशक्तिकरणका उपायहरू

**समुदाय सहयोग कार्यक्रमका प्रतिविम्बहरू (सिएस्पि दोस्रो चरण)**

**प्रकाशन मिति:**
मे २०१२

**प्रकाशक**
नेपाल ग्रामीण पुनर्निर्माण संस्था
पो.ब.नं. ८१३०, गैरीधारा मार्ग, गैरीधारा, काठमाडौं, नेपाल
टेलिफोन नं. : ९७७-१-४००४९७६,४००४९८५
फ्याक्स नं. : ९७७-१-४००४५०८,४४४३४९४
इमेल : rrrn@rrn.org.np
वेवसाइट: www.rrn.org.np

**सर्वाधिकार:** आरआरएन, २०१२
**मुद्रण:** स्थापित अफसेट प्रेस, काठमाडौं

**कृतज्ञता:**

यो दस्तावेज स्वतन्त्र परामर्शदाताहरू डा. नेत्र प्रसाद तिम्सिना र श्री रोशन शर्मा पौडेलद्वारा आरआरएन/सिएस्पिका केन्द्रीय, क्षेत्रीय र जिल्ला स्तरका कर्मचारी र स्थलगत उपभोक्ता समूहका सदस्यहरू एवं साधारण उपभोक्ताहरूसँगको परामर्शमा तयार पारिएको हो । सार्वजनिक लेखा परीक्षणको प्रक्रियालाई लिपिबद्ध गर्न तथा स्थानीय तहका अभ्यासहरूबाट सिकाइ उपलब्धीहरू हासिल गर्ने काममा उहाँहरूबाट भएको योगदानको आरआरएन उच्च मूल्याङ्कन गर्दछ ।

# ljifo ;'rL


**प्राक्कथन** ङ

**सारांश** छ

१. **परिचय** १

२. **सामाजिक परिचालन: अवधारणा र अभ्यासहरू** ३

३. **स्वावलम्बन समूह विधिद्वारा सामाजिक परिचालन : विकासको स्वामित्व प्रवर्द्धन गर्ने आरआरएनको रणनीति** ५

३.१ सामाजिक परिचालन: चरणहरू र प्रक्रियाहरू ८

३.२ सामाजिक सशक्तिकरणका लागि स्वावलम्बन समूह रणनीति मार्फत सामाजिक परिचालन: चरण र प्रक्रियाहरू १६

३.३ वृहत सामाजिक परिवर्तनका लागि स्वावलम्बन समूहहरूलाई संस्थागत गर्ने कार्य १८

४. **सामाजिक परिचालनका सिकाइ उपलब्धिहरू** १९

# kf|Ssyg

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) को ध्येय नेपाली समाजका अति विपन्न ग्रामीण जनताहरू, विशेषत ग्रामीण महिला, किसान, भूमिहीन र अन्य वञ्चित तथा सामाजिक रूपमा उत्पीडित वर्गका व्यक्तिहरूलाई सामाजिक आर्थिक सशक्तिकरणका अवसरहरू प्रदान गरी उनीहरूको जीवनस्तर उकास्नु हो ।

सामाजिक परिचालन प्रक्रियाद्वारा कमजोर तथा वञ्चित वर्गहरूको दिगो सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक उन्नतिको लागि व्यक्तिगत, सामुदायिक तथा संस्थागत तहहरूमा सशक्तिकरण गरिन्छ। नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) ले स्वावलम्बन समूह विधिलाई विकास हस्तक्षेपहरूमा स्थानीय जनताहरूको स्वामित्व प्रवर्द्धन गर्न, सेवा प्रदायकहरूको विश्वसनीयता अभिवृद्धि गर्न र दिगोपन सुनिश्चित गर्नका लागि स्थानीय जनतालाई परिचालन गरी विकास प्रभावकारिता अभिवृद्धि गर्ने रणनीतिको रूपमा अवलम्बन गरेको छ। सामाजिक परिचालनको लागि रोजिएको द्विमुखि रणनीति सानो परिमाणका विकास हस्तक्षेपहरू, पूर्वाधार विकास तथा वञ्चित सामाजिक समूहहरूलाई स्वावलम्बन समूहहरू मार्फत एकजुट भइ आवाज बुलन्द गर्नलागि साझा मञ्च श्रृजना गर्ने परियोजना चक्र हो ।

यो दस्तावेज, "सामुदायिक सहयोग कार्यक्रमका प्रतिविम्ब तथा सिकाइ उपलब्धिहरू" प्रजातान्त्रिकरणको प्रक्रियामा दिगो सामाजिक र आर्थिक विकासका लागि सामाजिक परिचालनको आवश्यकता र महत्वलाई जोड दिने एक प्रयास हो ।

हाम्रो उद्देश्य प्राप्त गर्न पुऱ्याएको सहयोगका लागि संयुक्त अधिराज्य बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभाग (DFID) प्रति हामी आभारी छौं । हामी स्थानीय समुदाय, स्थानीय निकाय, समुदायिक संगठन, गैह्र

सरकारी संस्था, सरकार तथा अन्य सरोकारवालाहरूप्रति उनीहरूको अमूल्य सहयोगको निम्ति आभारी छौं । म यो कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न आरआरएन/सिएस्पिका कर्मचारीहरूले गरेको प्रयासलाई आत्मीय रूपमा प्रशंसा गर्दछु ।

अन्तमा हामी हाम्रा स्वतन्त्र परामर्शदाताहरू डा. नेत्र प्रसाद तिम्सिना र श्री रोशन शर्मा पौडेललाई सामाजिक परिचालनको प्रक्रियालाई लिपिबद्ध गर्न एवं स्थानीय तहका अभ्यासहरूलाई उजागर गर्न पुर्‍याउनु भएको योगदानको लागि सराहना व्यक्त गर्दछु ।

हामीलाई विश्वास छ, यस दस्तावेजले समुदायका वञ्चित र सिमान्तीकृत समूहहरूको सर्वाङ्गीण विकासका लागि सामाजिक परिचालनको सकारात्मक पक्षलाई प्रकाश पार्न तथा सुदृढ गर्न मद्दत गर्नेछ ।

**डा. अर्जुन कार्की**
अध्यक्ष, आरआरएन

# ;f/fz

सामाजिक परिचालन सामाजिक, आर्थिक तथा राजनैतिक उन्नतिको लागि सामाजिक रूपमा वञ्चित समूहहरूको सशक्तिकरण गर्ने प्रक्रिया हो । साक्षरता, जनजीविका वा अन्य कुनै क्षेत्रमा हुने हस्तक्षेपले स्वावलम्बन समूह विधिद्वारा विद्यमान शक्ति संरचनाहरूमा परिवर्तन ल्याउँदछ । विभिन्न प्रकारका हस्तक्षेपहरूद्वारा गरिने सामाजिक परिचालन गरिबी न्यूनिकरणका साथै समाजमा द्वन्द्वको जोखिम घटाउनेतर्फ अग्रसर हुन्छ । सामूहिक कार्यद्वारा व्यक्तिहरूले तत्काल मनोवैज्ञानिक सशक्तिकरणको अनुभव गर्न सक्दछन् र यसले व्यक्तिगत तहमा आत्मसम्मान वा आत्मवल अभिवृद्धि गर्दछ । समुदाय स्तरमा यस्तो सशक्तिकरणले व्यक्ति र समूहहरूलाई सामाजिक, आर्थिक र राजनैतिक परिवर्तनका लक्ष्यहरू तर्फ आफैलाई परिचालित गर्न मद्दत गर्दछ ।

सामाजिक परिचालनले व्यक्तिहरूको क्षमता निर्माण गर्ने र दमनकारी नियमहरू एवं अभ्यासहरूमा सुधार गर्ने कुरामा जोड दिन्छ । सशक्तिकरणमा जातीय समूहको लागि लैङ्गिक समानता र न्यायलाई सम्बोधन गर्ने खालका कानुन कार्यान्वयन गर्ने देखि लिएर स्वेच्छिक आचरणगत परिवर्तन सम्म पर्दछन् । सामाजिक परिचालनले निर्णय प्रक्रियामा प्रयास र सक्रिय सहभागिताद्वारा आफ्नो विकासलाई प्रवर्द्धन गर्नको लागि सम्पूर्ण समुदायलाई संगठन निर्माणमा सहभागी गराउँछ । यसले उनीहरूको जीवनस्तर उकास्ने काम गर्दछ । सामाजिक परिचालनले नागरिकहरूलाई सुशासनको कलामा र अधिकार तथा नागरिक भूमिकाहरूको खोजीगर्नका लागि राजनैतिक रूपमा प्रशिक्षित गर्दछ । तसर्थ, सामाजिक परिचालन दिगो सामाजिक र आर्थिक विकास, प्रजातान्त्रिकरण र सशक्तिकरण प्रक्रियातर्फ परिलक्षित छ ।

नेपाल ग्रामीण पुनर्निर्माण संस्थाले सामाजिक परिचालनलाई स्वावलम्बन समूह विधिद्वारा स्थानीय जनतालाई परिचालित गरी विकास प्रभावकारिता अभिवृद्धि गर्नको लागि प्रयोग गर्दछ । यसले विकास हस्तक्षेपहरूमाथि स्वामित्व प्रवर्द्धन गर्दछ, सेवा प्रदायकहरूको विश्वसनियता अभिवृद्धि गर्दछ र दिगोपना सुनिश्चित गर्दछ । यो दस्तावेज आरआरएनद्वारा लागु गरिएको सामाजिक परिचालन विधिमा जोड दिंदै आरआरएनको सामाजिक परिचालनको स्वावलम्बन समूहमा आधारित भई तयार पारिएको छ । यसले सन् २००३ देखि संयुक्त अधिराज्य बेलायतको अन्तर्राष्ट्रिय विकास विभागको सहयोगद्वारा प्रायोजित आरआरएनसँगका वर्तमान परियोजनाहरूले जस्तै सामुदायिक सहयोग कार्यक्रमबाट शिक्षा पनि ग्रहण गर्दछ ।

आरआरएनले सामाजिक परिचालन प्रक्रियासम्बन्धी दस्तावेज तयार गर्न एक अध्ययन कार्यदल गठन गरेको छ । जनसङ्ख्या, जातजाति, सम्प्रदाय र भौगोलिक विविधतालाई प्राथमिकताका साथ समेट्ने उद्देश्यले रोल्पा, बाँके, इलाम, मोरङ्ग, सिराहा गरी पाँचवटा परीक्षण जिल्लाहरूको छनौट गरिएको थियो ताकि सामाजिक परिचालनको प्रक्रियाबाट आएका सिकाइ उपलब्धिहरूको लागि थप प्रमाण पुऱ्याउन सकियोस् । आरआरएनले अवलम्बन गरेको सामाजिक परिचालन पद्धति परियोजना सहजिकरण प्रक्रियामा ब्यापक रूपमा प्रयोग भएको मूख्य साधन मात्र नभइ गरीब र सिमान्तीकृत सामाजिक समूहहरूलाई निर्णय प्रक्रियामा पहुँच प्रदान गर्ने एक महत्वपूर्ण रणनीति पनि हो । सामाजिक परिचालनको लागि आरआरएनले अवलम्बन गरेको विधिबारे गहन चिन्तन गर्दा गा.वि.स., जि.वि.स. स्तरमा यसको प्रभाव अधिकारवालालाई जनताप्रति उत्तरदायी बनाउन विशेष आवश्यक सेवा प्रदान गर्ने र गरीब र सिमान्तीकृत सामाजिक समूहहरूलाई निर्णय प्रक्रियामा स्थान दिने काममा देखिएको छ।

सामाजिक परिचालनको लागि आरआरएनले द्विमूखि रणनीति अवलम्बन गरेको छ । ती हुन.: (क) सानो खाले विकास हस्तक्षेप-पूर्वाधारका

कार्यहरूको परियोजना चक्र (ख) स्वावलम्बन समूहहरूद्वारा अधिकारको लागि एक जुट भई आफना आवाज बुलन्द गर्नबाट वञ्चित सामाजिक समूहहरूको लागि साझा मञ्चको श्रृजना । सामाजिक परिचालनको एक अंशको रूपमा रहेको सानो स्तरका विकासका पूर्वाधारहरूको लागि स्थानीय स्रोतहरूको परिचालन गर्ने काम विकास हस्तक्षेपहरूमा समुदायको स्वामित्व सुनिश्चित गर्न र निर्णय प्रक्रियामा पहुँच प्रदान गरेर उनीहरूको सशक्तिकरण गर्नको लागि प्रभावकारी विधि भएको छ। परियोजना चक्रका क्रममा सामाजिक परिचालनको प्रयोग विकास परियोजनाहरूमा चार विभिन्न चरणहरू हुन्छन् : (क) परियोजना पहिचान र छनौट (२) कार्यान्वयन पूर्व (३) कार्यान्वयन (४) कार्यान्वयन पश्चात । यो पनि स्थानीय समुदायको स्वामित्व प्रवर्द्धन गर्ने र उनीहरूको सशक्तिकरण गर्ने तथा अधिकारवाला र सेवा प्रदायकहरूको पारदर्शिता र जवाफदेहीता अभिवृद्धि गर्ने एक प्रभावकारी विधि भएको छ। त्यसैगरी, नागरिक सचेतना केन्द्रहरूद्वारा वञ्चित सामाजिक समूहहरूका लागि एक साझा मञ्चको प्रवर्द्धन गर्ने काम उनीहरूको लागि अति उपयोगी भएको छ, किनकी यसले सामाजिक रूपमा वञ्चित समूहहरूको सशक्तिकरण गर्ने काममा ठूलो प्रभाव पारेको छ । विभिन्न परिवेशमा, नागरिक सचेतना केन्द्रका सदस्यहरूले सामना गर्नु परेका समस्याहरू संगठित रूपमा छलफलको माध्यमबाट एवं सामूहिक कार्यद्वारा स्वावलम्बन समूहको विधिद्वारा समाधान गरेका छन् ।

आरआरएनले अवलम्बन गर्ने गरेको सार्वजनिक लेखा परीक्षणको प्रक्रिया कठिन भए तापनि यसले त्यस्तो संस्थागत ढाँचा प्रदान गर्दछ जसअन्तर्गत सामाजिक परिचालनले स्थानीय तहमा विकास प्रभावकारिता अभिवृद्धि गर्न सक्दछ । यस प्रक्रियाले सार्वजनिक अधिकारवालाहरूको विश्वसनीयताका साथै सिमान्तीकृत सामाजिक समूहहरूको आत्मसम्मान र आत्मवलको विकासमा सार्थक योगदान पुर्‍याउंदछ । सामाजिक परिचालनको प्रक्रिया नेपाली समाजमा रहेका द्वन्द्व, विभेद, निषेध र अपमानजस्ता समस्याहरूलाई सम्बोधन गर्ने एक प्रभावकारी विधि प्रमाणित भएको छ । यी समस्याहरू

नेपालका राजनैतिक र सामाजिक समस्याहरू पनि बनेका छन् । सामाजिक परिचालनबाट आर्जन गरिएको ज्ञानलाई साधारणतया सम्पूर्ण समुदाय स्तरमा र सेवा प्रदायकहरू एवं सरकारी निकायहरूका विभिन्न तहहरूमा प्रवर्द्धन गर्न सकिन्छ ।

# परिचय




सामाजिक परिचालन कमजोर र अपहेलित समूहहरूलाई व्यक्तिगत एवं संस्थागत रूपमा उनीहरूको दिगो सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक उन्नतिको लागि सशक्तिकरण गर्ने प्रक्रिया हो । सामाजिक परिचालनका दीर्घकालिन उपलब्धिहरूले साक्षरतामा, जीविकोपार्जनमा वा अन्य कुनै क्षेत्रमा विद्यमान शक्ति संरचनाहरूमा परिवर्तन ल्याउँछन् । परिणामस्वरूप, यस्ता परिचालनले गरिबी न्यूनिकरण गर्दछ, सामाजिक द्वन्द्व घटाउँदछ र समुदाय वा समाजमा सहज रूपमा परिवर्तनलाई प्रोत्साहित गर्दछ । व्यक्तिगत स्तरमा नागरिकहरूले गरिमा, आत्मसम्मान वा आत्मविश्वास र क्षमतामा वृद्धि भई तत्काल मनोवैज्ञानिक सशक्तिकरण भएको अनुभव गर्न सक्दछन्, जुन सामूहिक कार्यबाट प्राप्त हुन्छ । सामुदायिक स्तरमा यस्तो प्रकारको सशक्तिकरणले व्यक्ति तथा समूहहरूलाई सामाजिक, आर्थिक र राजनैतिक पविर्तनका लक्ष्यहरू तर्फ आफैं परिचालित हुन मद्दत गर्दछ ।

नेपाल ग्रामीण पुनर्निर्माण संस्थाले स्वावलम्बन समूह विधिलाई विकास हस्तक्षेपहरूमा स्थानीय जनताहरूको स्वामित्व प्रवर्द्धन गर्न उनीहरूलाई परिचालित गरी विकास प्रभावकारिता अभिवृद्धि गर्ने एक रणनीतिको रूपमा अवलम्बन गरेको छ, जसलेगर्दा सेवा प्रदायकहरूको जवाफदेहीतमा वृद्धि भएको छ र दिगोपनाको सुनिश्चित भएको छ । आरआरएनले यसको स्थापना काल देखिनै सामाजिक परिचालनको लागि स्वावलम्बन समूह विधिलाई प्रयोग गर्दै आइरहेको छ । यसले सामाजिक परिचालनका अनुभवहरू र प्रतिविम्बहरूद्वारा धेरैवटा श्रृजनशील कार्यहरूको थालनी गरेको छ ।

परीक्षण सर्वेक्षणको लागि रोल्पा, बाँके, इलाम, मोरङ्ग र सिराहा गरी पाँचवटा जिल्लाहरू उद्देश्यपरक रूपमा छनौट गरिएका थिए । यो छनौट सार्वजनिक लेखा परीक्षणको प्रक्रियाबाट प्राप्त सिकाइहरूलाई वैधता प्रदान गर्न सहयोग पुऱ्याउने हिसावले जनसङ्ख्या, जातजाति, समुदाय र भौगोलिक विविधतालाई ध्यानमा राखेर गरिएको थियो ।

यो दस्तावेज तयार गर्ने प्रक्रियामा जम्मा दशवटा नागरिक सचेतना केन्द्रहरूसंग परामर्श गरिएको थियो । सबै पाँच जिल्ला र दुई विकास क्षेत्र (मध्य-पश्चिमाञ्चल र पूर्वाञ्चल क्षेत्र) का आरआरएन/सिएस्पिका पाँचवटा सामुदायिक भवन समितिहरू, विद्यालय भवन समितिहरू, र सामाजिक परिचालकहरू लगायत कर्मचारीहरूसँग परामर्श गरिएको थियो । स्थानीय विकास अधिकारीहरू, गा.वि.स. सचिवहरू र स्थानीय सुशासन र सामुदायिक विकास कार्यक्रमका सामाजिक परिचालकहरूसंग पनि उनीहरूका सामाजिक परिचालन विधिहरू पहिचान गर्नको लागि अन्तरक्रिया गरिएको थियो ।

यो दस्तावेज तयार गर्ने कार्यदलले स्थलगत अभ्यासहरूमा सामाजिक परिचालनको अवधारणाको सम्वन्ध देखाउने उद्देश्यले निर्देशिका, स्थलगत प्रतिवेदन, प्रगति प्रतिवेदन र अन्य सान्दर्भिक दस्तावेजहरूको समीक्षा गरेको छ ।

# २. सामाजिक परिचालन : अवधारणा र अभ्यासहरू

सामाजिक परिचालन संस्थागत क्षमता विकासको एक माध्यम हो, जसले प्राथमिक रूपमा गरीब र वञ्चित सामाजिक समूहहरूको सशक्तिकरण गर्ने र दमनकारी नियम तथा अभ्यासहरूमा सुधार गर्ने संयन्त्रको रूपमा कार्य गर्दछ । सशक्तिकरण हस्तक्षेप दायरा कानुन कार्यान्वयन, लैङ्गिक समानताका सवाललाई सम्बोधन गर्ने र जातीय समूहहरूलाई न्याय दिने देखि मानव वातावरणको संरक्षणका लागि स्वेच्छिक आचरणगत परिवर्तनसम्म पर्दछन् । सामाजिक परिचालनका आयामहरू तालिम प्रयास, साक्षरता अभियान र आधारभूत जीविकोपार्जनका केही तत्वहरूमा मात्र सीमित नभइ स्थानीय पहलमा विकास प्रवर्द्धन गर्न र निर्णय प्रक्रियामा उनीहरूको सक्रिय सहभागिताका लागि सम्पूर्ण समुदायलाई आफ्नै संगठनहरू निर्माण गर्ने काममा संलग्न छन् । सामाजिक परिचालनले वाह्य स्रोतहरूको माग गर्दै परियोजनाको अझ बढी प्रभावकारी कार्य सम्पादन तर्फ मात्र सरोकार राख्ने नभएर यसले त **शक्ति संरचनाहरू**बाट जवाफदेहीताको माग गर्दछ । यसले नागरिकहरूलाई शासन कला र अधिकार एवं नागरिक भूमिकाको खोजीको वारेमा राजनैतिक रूपमा प्रशिक्षित गराउंछ । सामाजिक परिचालन दिगो सामाजिक र आर्थिक विकास तथा प्रजातान्त्रिकरण र सशक्तिकरणका प्रक्रियाहरू तर्फ परिलक्षित छ ।

## सामाजिक परिचालनका विधिहरू

सामाजिक परिचालनका अभ्यासहरूमा मूख्यतः दुईवटा विधिहरू समावेश भएका छन् :

(क) कारोवारयुक्त विधि

(ख) रुपान्तरण विधि

**(क) कारोवारयुक्त विधि :**

यस विधिले समुदायका व्यक्तिहरूलाई तोकिएको समूहहरूमा संगठित गर्न मद्धत गर्दछ। त्यसपश्चात् उनीहरूलाई सामाजिक परिचालकहरूले सहयोग गर्दछन् । यी समूहहरूलाई सेवा प्रदान गर्ने र मानव तथा आर्थिक स्रोत परिचालन गर्ने कार्यको जिम्मेवारी दिइन्छ। कारोवारयुक्त विधिले सामाजिक नक्साङ्कन र सम्पत्ति लेखाजोखाजस्ता आधारमा समूह गठनका लागि सीमित विश्लेषणात्मक साधनहरूको प्रयोग गर्दछ। यसले सेवा प्रवाह, पूंजि श्रृजना, कोष प्रवाह, बचत तथा ॠण, सीप विकासका लागि समूह गठनमा जोड दिन्छ ।

**(ख) रुपान्तरण विधिः**

यस विधिले आफ्नो विचार अभिव्यक्त गर्ने नागरिकहरूकको क्षमता अभिवृद्धि गर्न, नीति तथा विकास कार्यक्रमहरूलाई आफ्नो प्राथमिकताअनुसार प्रभावित गर्न, सरकार समक्ष पूँजी एवं सेवा माग गर्न र स्थानीय सरकार र सेवा प्रदायकहरूलाई नागरिकहरूप्रति उत्तरदायी बनाउनका लागि राज्यसँग सहभागी हुनका लागि सबै नागरिकहरूलाई सशक्तिकरण गर्ने कुरामा जोड दिन्छ। रुपान्तरण विधिले नागरिकहरूलाई विभिन्न कारणहरूको आफैं विश्लेषण गरि आफनो सामाजिक, आर्थिक र राजनैतिक अवस्थाको बारेमा बुझ्न मद्दत गर्दछ।

रुपान्तरण विधिले विपन्न एवं सिमान्तीकृत समूहहरूसंग सम्बन्धित समुदायमा जकडिएका समस्याहरुलाई प्रभावकारी रूपमा सम्बोधन गर्दछ। सिद्धान्ततः, यस विधिले समूहका सदस्यहरूका आवश्यकताहरूलाई सफलतापूर्वक पूर्ति गर्न सक्नुका साथै उनीहरूको जीविकोपार्जनमा टेवा पुऱ्याउंदछ। यसले विपन्न तथा बहिष्करणमा परेका समूहहरूको पक्षमा

शक्ति संरचनाहरुको रुपान्तरण गर्नुका साथै आर्थिक नीतिहरूको विकास गर्दछ ।

## प्रक्रिया र साधनको रूपमा सामाजिक रुपान्तरण

नेपालको सामाजिक आर्थिक परिवेशका सन्दर्भमा सामाजिक परिचालन कुनै नौलो प्रयास होइन । सामाजिक रूपमा वञ्चित तथा विपन्न वर्गहरूका समस्या र आवश्यकताहरूको सम्बोधन गर्न लामो समयदेखि यस विधिलाई साधनको रूपमा प्रयोग गरिंदै आएको छ। नेपालजस्तो शताब्दियौंदेखि जात, लिङ्ग, वर्ग, संस्कृति एवं आर्थिक तथा  राजनैतिक धरातलका आधारमा सामाजिक स्तरीकरण विद्यमान रहेको देशमा निम्न सामाजिक, आर्थिक सांस्कृतिक र राजनैतिक हैसियत भएका अधिकांश जनताहरूलाई विपन्न सामाजिक समूहहरूमा वर्गिकृत गरिएको छ । परिणामस्वरुप,  विकास प्रक्रियाको मूलप्रवाहबाट अलग्याएर उनीहरूका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूबाट वञ्चित गरिएको छ ।  । यस अवस्थाले एउटा प्रक्रिया र साधनको रूपमा सामाजिक परिचालनको महत्वलाई उजागर गरेको छ ।

# ३. स्वावलम्बन समूह विधि मार्फत सामाजिक परिचालन : विकास स्वामित्व प्रवर्द्धनको लागि आ रआ रएनको रणनीति

आरआरएनले आफ्ना विकास हस्तक्षेपहरूमा सामुदायिक स्वामित्व प्रवर्द्धन गर्नका लागि सामाजिक परिचालनलाई एक रणनीतिको रूपमा अवलम्बन गरेको छ । आरआरएनले विकासका लागि तलबाट माथि तर्फको र अधिकारमा आधारित विधिहरूको अभ्यास गर्दछ । यसका सामाजिक परिचालकहरूले सक्रिय सहजकर्ताको रूपमा कार्य गर्दछन् । परियोजना पहिचानको प्रक्रियादेखि परियोजना कार्यान्वयन र समापनसम्म आरआरएन अन्तरनिहित ज्ञानलाई उजागर गर्ने र स्थानीय स्रोतहरूको परिचालन गर्ने कार्यमा विश्वास गर्दछ । आरआरएनले समुदायका सदस्यहरूलाई महत्वपूर्ण निर्णयहरूमा सामेल गराउँदछ जस अन्तर्गत निम्न कुराहरू पर्दछन् : वर्तमान अवस्थाहरू (आवश्यकताहरू र सम्भाव्यताहरू) को लेखाजोखा गर्ने, प्राथमिक समस्याहरूको पहिचान गर्ने (तिनीहरूवाट लक्ष्यहरू र उद्देश्यहरू तय गर्ने), कार्य योजना (सामुदायिक कार्य योजना, परियोजनाको ढाँचा) बनाउने, तिनीहरूको कार्यान्वयन तथा अनुगमन गर्ने र परिणामहरूको मूल्याङ्कन गर्ने । आरआरएनद्वारा अवलम्बन गरिएको सामाजिक परिचालनको अभ्यासलाई विकासको स्वावलम्बन विधि भनिन्छ । आरआरएनद्वारा अवलम्बन गरिएको स्वावलम्बन समूह विधिको तलको अनुच्छेदहरूमा संक्षिप्त रूपमा ब्याख्या गरिएको छ ।

"ग्रामीण गरीबहरूसँग आफ्नो उन्नति गर्ने सम्भावित शक्ति भएतापनि उनीहरूसँग यस्तो शक्तिको प्रयोग र विकास गर्ने अवसरको अभाव हुन्छ" भन्ने विश्वासका साथ संस्थाको स्थापना काल १९८९ देखिनै आरआरएनले स्वावलम्बन समूह विधिको अभ्यास गर्दै आएको छ । ग्रामीण गरीबहरूको आत्मसम्मान र न्यायका साथ बाँच्ने समान अधिकार पनि हुन्छ ।

आरआरएनले विशेषतः विकासको स्वावलम्बन समूह विधिमा आधारित अन्तर्राष्ट्रिय ग्रामीण पुनर्निर्माण आन्दोलनका दर्शन र सिद्धान्तहरूको पालना गर्दछ । ग्रामीण पुनर्निर्माणका सिद्धान्त र दर्शनलाई निम्न रूपमा प्रस्तुत गरिएको छ ।

*ग्रामीण किसानहरू माझ पुगौं*
*ग्रामीण किसानसँगै मिली बसौं*
*ग्रामीण किसानहरूबाट सिकौं, बुझौं*
*ग्रामीण किसानहरूसँग मिलेर योजना तर्जुमा गरौं*
*ग्रामीण किसानहरूसँगै कार्यान्वयनमा जुटौं*
*ग्रामीण जुक्तिबाट प्रारम्भ गरौं, स्थानीय स्रोतको परिचालन गरौं*
*उदाहरण दिई सिकाऔं, प्रयोग गरी सिकौं*
*देखावटी उदाहरण होइन, क्रमबद्धता अपनाऔं*
*एकाङ्की पाइला नचालौं, एकीकृत पाइला चालौं*
*समस्याको समाधान मात्र होइन, जीवनशैलीको विकास गरौं*
*भोकको तृप्ति होइन, जीउने जुक्ति खोजौं ।*

यो दर्शनले गरीब र सिमान्तीकृत व्यक्तिहरूका लागि स्व-संगठित हुन र गरिबी र विभेदको अवस्थाबाट रुपान्तरित हुने वातावरण श्रृजना गर्न प्रोत्साहित गर्दछ । आरआरएनको बुझाईमा गरिबी भनेको केवल भौतिक रूपमा बञ्चितिकरणमा परेको अवस्थामात्र नभइ सशक्तिकरण विरुद्धको निरन्तर प्रक्रिया पनि हो, जसअन्तर्गत रोजाई/अधिकार/अवसरहरूबाट बाञ्चित र विभेद, असमानता, दमन, विस्थापन, अमानवीयपन, इत्यादि पर्दछन् । गरिबीका प्रमुख कारणहरू समाजका अन्यायपूर्ण संरचनाहरू हुन्,

जसले संरचनात्मक विभेदहरूको माध्यमबाट गरिबीलाई निरन्तरता दिने काम गर्दछन् । तसर्थ, स्वावलम्बन समूहहरूद्वारा जनताहरूले यस्ता विभेदकारी प्रणालीलाई चुनौति दिन सक्दछन् ।

प्रत्येक व्यक्तिसँग विशाल अन्तर्निहित क्षमता रहेको हुन्छ र उपयुक्त वातावरण उपलब्ध भएमा त्यस्ता क्षमता प्रकट हुन सक्दछन् । व्यक्तिगत रूपमा, गरीबहरू आवाजहीन, शक्तिहीन र असुरक्षित हुन्छन् । समान उद्देश्यबाट प्रेरित समूहले सामूहिक रूपमा कार्य गर्ने अवसर प्राप्त गरेपछि उनीहरूसँग विशाल शक्ति हुन्छ ।

जब समुदायका निर्धनीकृत सदस्यहरू स्वावलम्बन समूहहरू गठनका लागि संगठित हुन्छन्, तब पुरै समुदायले सहजकर्ताको सहयोगबाट तयार गरेको मापदण्डको प्रयोग गरेर सबभन्दा विपन्न घरपरिवारहरूको छनौट गर्नमा भूमिका खेल्दछ । यी गरीब घरपरिवारका र समान सामाजिक आर्थिक पृष्ठभूमिका १५ देखि २५ जना सदस्यहरूले एक स्वावलम्बन समूह गठन गर्न सक्दछन् । यस विधिले सामान्यतया: महिला, गरीब र अन्य सिमान्तीकृत सामाजिक समूहहरूका लागि राम्ररी काम गर्न सक्दछ । प्रत्येक व्यक्तिगत सदस्यहरू तथा समूहहरूलाई विशाल क्षमता विकास गर्न सहयोग प्रदान गरिन्छ ताकि उनीहरूको नेतृत्व सीपको विस्तार होस ।

जनताको संस्थाको प्राथमिक एकाईको रूपमा रहने स्वावलम्बन समूहका आधारभूत विशेषताहरू निम्न रहेका छन् ।

- अनौपचारिक संगठन,
- सामाजिक, आर्थिक अवस्थाहरूका कारण समरूपता, खासगरी समाजको गरीब र सामाजिक रूपमा सिमान्तकृत वर्ग समावेश भएको,
- स्वेच्छिक सहभागिता,
- चक्रानुक्रम नेतृत्व,
- सदस्यहरूको बीचमा निकटतम सम्बन्ध, आपसी विश्वास, आदर र प्रेमद्वारा आवद्ध सदस्यहरू,

- सानो आकार (१५-२५ सदस्यहरू),
- व्यवस्थापनमा सहभागितामूलक विधिहरू,
- स्वावलम्बन सिद्धान्तहरू,
- आपसी सहयोग,
- निरन्तर पूँजी निर्माण,
- सम्पूर्ण क्रियाकलापहरूमा साझा रुचि,
- समूहका सदस्यहरूद्वारा विकसित संस्थागत नियम तथा नियमावलीहरू, उपनियमहरू ।

**स्वावलम्बन समूहका कार्यहरू:**

- नियमित वैठक/प्रतिविम्बनहरू,
- कोषको नियमित बचत र परिचालन (अनिवार्य छैन),
- अभिलेखन,
- सामाजिक कार्यहरू/सामुदायिक कार्यहरू,
- सचेतना र तालिम,
- अन्य विकासका पात्रहरूसंग सम्बन्ध,
- सम्वन्धित निकायहरूसंग सञ्जालिकरण ।

आरआरएनद्वारा कार्यान्वयन गरिएका परियोजनाहरूको माध्यमबाट सामुदायिक सशक्तिकरणका लागि परियोजनाहरूले गरेको उल्लेखनीय प्रगतिका लागि स्वावलम्बन समूहहरू प्रमाणको रूपमा रहेको छन् । अधिकांश परियोजनाका लाभान्वितहरू, विशेष रूपले महिला, गरीब र सामाजिक रूपमा पाखापारिएका समूहहरू अहिले विभिन्न उपभोक्ता समूहहरू (सहकारी, लघुऋण, तरकारी उत्पादक समूहहरू, जल उपभोक्ता समूहहरू, पशुपालन समूहहरू, आमा समूहहरू, नागरिक सचेतना केन्द्रहरू, शान्ति प्रवर्द्धन केन्द्रहरू इत्यादि) मा आबद्ध भएका छन् ।

सामाजिक परिचालनका कार्यक्षेत्रका सम्पूर्ण अभ्यासहरू, विशेषत आरआरएनले प्रयोग गर्ने स्वावलम्बन समूह विधिलाई परस्पर अनन्य नहुने गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ (क) लघु विकास क्रियाकलापहरू, र (ख) सामाजिक सशक्तिकरण (चेतना अभिवृद्धि)।

## ३.१ समाजिक परिचालनः चरण र प्रक्रियाहरू

चित्र नं. १ मा दिइएका सामाजिक परिचालनका चरण र प्रक्रियाहरू सचेतना अभिवृद्धि स्वावलम्बन समूहको क्षमता विकास) र लघु पूर्वाधार विकास प्रयासहरू दुवैमा लागु हुन्छ।

**चित्र नं. १ सामाजिक परिचालनको चक्र**



### ३.१.१ परियोजना पहिचान  र छनौट चरण

सामाजिक परिचालनको यस चरणले समुदायका सदस्यहरूलाई स्थिति (आवश्यकता र सम्भाव्यता) को लेखाजोखा गर्नका साथै प्राथमिकताका विषयहरू निर्धारण गर्नमा संलग्न गराउंदछ, जसको परिणामस्वरुप उनीहरूबाट लक्ष्य र उद्देश्यहरू हासिल हुने छन् । परियोजना पहिचान र छनौटको क्रममा सामाजिक परिचालनका मूख्य चरणहरू निम्न छन् :

**परियोजना पहिचान**

परियोजना पहिचान प्रक्रियाको प्रारम्भमा, स्थानीयस्तरमा उपलब्ध मानव, आर्थिक र भौतिक साधनहरू परिचालन गर्नको लागि परियोजना प्रक्रियाको वारेमा विभिन्न सरोकारवालाहरूसँग परामर्श वैठकहरूको आयोजना गरिन्छ । यो प्रक्रियामा परामर्श गर्नुपर्ने मूख्य सरोकारवालाहरू जिल्ला विकास समिति र गाउँ विकास समिति हुन् । आरआरएनका सामाजिक परिचालकहरूले निम्न कुराहरूमा सूचना प्रदान गर्दछन् (क) लक्षित समूहहरू/लाभान्वित  समूहहरू (ख) परियोजना छनौट र प्राथमिकिकरण प्रक्रियाहरू (ग) कार्यान्वयनका तौरतरिकाहरू, र (घ) लक्षित जिल्ला र गा.वि.स.मा सम्भाव्य कार्य क्षेत्रहरू ।

**उपभोक्ता समिति र उप-समितिहरूको गठन**

उपभोक्ता समिति र उप-मितिहरूको गठन स्वावलम्बन समूहहरूलाई संगठति गर्ने प्रक्रिया हो किनभने समितिका सदस्यहरू, विशेष गरेर महिला तथा सामाजिक रूपमा सिमान्तीकृत समूहहरूले समस्याहरूको पहिचान गर्दै, परियोजनाको ढाँचा तयार गरि कार्यान्वयन गर्नमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने भएकोले यो आरआरएन परियोजना अन्तर्गत सामाजिक परिचालनको केन्द्रविन्दुमा पर्दछ । समस्याको पहिचान र परियोजनाहरूको ढाँचा तयार गरि लागु गर्न विशेषगरी महिलाहरू र सामाजिक रूपमा सिमान्तीकृत समूहहरूले नेतृत्वदायी भूमिका निर्वाह गर्दछन् । सामाजिक

परिचालकहरूले उपभोक्ता समिति तथा उप-समितिहरू गठन गर्नमा सहजिकरण गर्दछन्। उपभोक्ता समितिको धारणा स्वावलम्बन समूहको एक अंश भएतापनि, यो अवधारणा विशेषगरी लघु पूर्वाधार परियोजना विकास गर्न, तिनीहरूको ढाँचा तयार गर्न र कार्यान्वयन गर्नमा प्रयोग गरिन्छ। महिला, गरीब र सिमान्तीकृत समूहहरूलाई प्रभावकारी रूपमा समावेशगरी उपभोक्ता समितिहरू सामाजिक समावेशी हुनु पर्दछ। एउटा आमभेलाको आयोजना गरिन्छ र समुदायका सदस्यहरूमध्येबाट उपभोक्ता समिति गठन गरिन्छ। उपभोक्ता समितिमा:

- कम्तिमा ४० प्रतिशत महिला हुनु पर्दछ।
- उपभोक्ता समितिको मूख्य पदहरू सभापति, सचिव वा कोषाध्यक्षमध्येमा कम्तिमा एकजना महिला नियुक्त गर्नु पर्दछ।
- सामाजिक रूपमा समावेशी हुनु पर्दछ, जसले जातीय विविधता, गरीब र सिमान्तकृत सामाजिक समूहहरूलाई प्रतिविम्वित गर्नु पर्दछ।

तत्पश्चात, आरआरएन कार्यदलले स्पष्ट भूमिका र जिम्मेवारीका साथ उप-समितिहरूको गठनका लागि सहजिकरण गर्दछ। प्रत्येक उप-समितिमा मुख्य समितिबाट कम्तिमा एक जना सदस्यको प्रतिनिधित्व हुन्छ। अन्य दुई सदस्यहरू उपभोक्ता समूहवाट छनौट गरिन्छ। तसर्थ, उप-समितिमा कम्तिमा ३ जना सदस्य रहन्छन्। यी तीन जना सदस्यहरूमध्ये कम्तिमा १ जना महिला हुनु पर्दछ। तथापि सभापति, उप-सभापति र सचिव उप-समितिहरूको सदस्य बन्न पाउंदैनन्। उनीहरू सम्पूर्ण अनुगमन र नियन्त्रणका लागि स्वतन्त्र रहन्छन्। स्थलगत रूपमा स्थानीय जनताको स्वामित्व अभिवृद्धि गर्न र विकास हस्तक्षेपहरूको पारदर्शिता र दिगोपना सुनिश्चित गर्ने खालको मानव तथा भौतिक स्रोतहरू परिचालन गर्नको लागि निम्न उप-समिति सक्रिय छन्:

**मानव स्रोत परिचालन उप-समिति**

यस उप-समितिले पारिश्रमिक सहितको र स्वयंसेवाको रूपमा गरिने दुवैखाले परियोजनासम्बन्धी कामको लागि उपभोक्ताहरूलाई परिचालन गर्ने जिम्मेवारी बहन गर्दछ। यसले जनतालाई विभिन्न प्रकारका काम र मानव स्रोत परिचालनका अभिलेखहरूको व्यवस्थापन गर्न दक्ष, अर्ध-दक्ष र अदक्ष श्रमदानको लागि परिचालन गर्दछ।

**आपूर्ति उप-समिति**

यस उप-समितिले सम्पूर्ण परियोजना गतिविधिहरूको लागि आवश्यक पर्ने सामाग्री खरिद गर्ने  र यस्तो खरिद सामग्री एवं तिनीहरूको प्रयोगको र स्टक (स्थानीय तथा बाह्य) तथा पैसाको दैनिक अभिलेख राख्ने काम गर्दछ। आपूर्ति उप-समितिले सामग्रीहरूको नियमित आपूर्तिको व्यवस्था मिलाउंनुका साथै तिनीहरूको उचित भण्डारण र सुरक्षाको सुनिश्चित गर्दछ।

**सार्वजनिक लेखा परीक्षण उप-समिति**

सार्वजनिक लेखा परीक्षणको केन्द्रबिन्दुको रूपमा रहेको यस समितिले श्रम, रकम तथा बस्तुहरूको प्रवाहको अनुगमन गर्दछ। यो समिति परियोजना अन्तर्गत रकम भुक्तानी, स्रोत तथा श्रमको परिचालन लगायतका सम्पूर्ण क्रियाकलापहरूको लेखा परीक्षण गराई साधारण उपभोक्ता र सम्बन्धित सरोकारवालाहरू समक्ष सार्वजनिक गर्नका लागि जिम्मेवार छ। यसले अन्य उप-समितिहरू एवं मुख्य समितिका सम्पूर्ण अभिलेख/सूचना संकलन गरी एउटै प्रतिवेदन तयार गर्दछ।

**लेखा उप-समिति**

यस उप-समितिले मानव स्रोत परिचालन उप-समिति र आपूर्ति उप-समिति संगको समन्वयमा दक्ष, अर्ध-दक्ष र अदक्ष श्रमिकहरू तथा वस्तुहरूको

अभिलेख लगायत चालु परियोजनाको आय तथा व्ययको विवरण राख्दछ ।

**अनुगमन उप–समिति**

यस उप-समितिले सञ्चालनमा रहेका योजनाहरूको कार्य प्रगतिको अनुगमन गर्दछ र उपभोक्ता/निर्माण समिति र सहयोगी निकायहरू/साझेदारहरूलाई पृष्ठपोषण प्रदान गर्दछ । यसले श्रम र साधनको प्रभावकारी परिचालन भए नभएको पनि अनुगमन गर्दछ ।

**जन आवाजहरूको सवलिकरण गर्ने**

आरआरएनले गरीब र सिमान्तीकृत सामाजिक समूहहरूको आवाजलाई सवलिकरण गर्नको लागि सामाजिक परिचालनलाई मुख्य रणनीतिको रूपमा ग्रहण गरेको छ । आरआरएनद्वारा सहजिकरण गरिएका सिएसपिजस्ता केही कार्यक्रमहरूमा आरआरएनले १४ बुँदे परियोजना छनौट मापदण्डको प्रयोग गर्दै आएको छ, जसअन्तर्गत निम्न बुँदाहरू पर्दछन् :

- लाभान्वित समूहको रूपमा समुदायका गरीब र अति वञ्चित समूहहरूलाई समावेश,
- समुदायको योगदान (कुल परियोजना बजेटको कम्तीमा १० प्रतिशत),
- परियोजना सम्पन्न भएपश्चात समुदायमा असमानता र तनावको न्यूनिकरण,
- भ्रष्टाचारको रोकथाम र कोषको सदुपयोग,
- कार्यक्रमबाट दिगो लाभ,
- विद्यमान विकासका क्रियाकलापहरूबाट अतिरिक्त लाभकारी प्रभाव सिर्जना ।

**समन्वय**

आरआरएनले परियोजना लागुगर्दा विभिन्न विकास संस्थाहरू र उपभोक्ताहरूसँग समन्वय गर्नु सामाजिक परिचालन प्रक्रियाको मुख्य कार्य

भएको छ । यस दस्तावेजको परियोजना पहिचान खण्डमा उल्लेख गरिएजस्तो आरआरएनले स्थानीय र जिल्ला तहका सम्पूर्ण विकास निकायहरूसँग समन्वय गरी विकास परियोजनामा अतिरिक्त लाभको सृजना गर्दछ । यथासम्भव उपभोक्ता समितिहरूलाई परियोजनामा सहकार्य गर्ने विकासे संस्थाहरूसंग समन्वय गर्न पर्याप्त मात्रामा सशक्तिकरण गरिएको हुन्छ। उदाहरणको लागि, आरआरएन/सिएस्पिले जिल्ला स्तरमा परियोजना छनौट तथा अनुगमन समितिद्वारा एउटा समन्वय संयन्त्रको विकास गरेको छ, जसको अध्यक्षता स्थानीय विकास अधिकारीले गर्दछन् । परियोजना छनौट र अनुगमन समितिले परियोजनाहरूको मूल्याङ्कन गर्नुका साथै कार्यान्वयनका लागि सिफारिस गर्दछ । आरआरएन/सिएस्पि लगायत सम्बन्धित निकायहरूका सदस्यहरू परियोजना छनौट र अनुगमन समितिका सदस्यहरू हुन्छन् । स्थानीय विकास अधिकारीद्वारा अध्यक्षता गरिने परियोजना छनौट र अनुगमन समितिको संयन्त्र परियोजनाको दिगोपनको लागि विकास संस्थाहरूमा अतिरिक्त लाभको श्रृजनागर्न र पुनरावृत्ति रोक्न प्रभावकारी साबित भएको छ ।

### ३.१.२. कार्यान्वयन पूर्वको चरण

सामाजिक परिचालनमा परियोजना पहिचान र कार्यान्वयन पूर्वका चरणहरू परस्पर रूपमा अखण्ड नभइ प्राय तिनीहरूमा समानता पाईन्छ । उदाहरणको लागि, कुनै कारणवश परियोजना पहिचानको चरणमा स्वावलम्बन समूहहरू गठन नगरिएको खण्डमा यस चरणमा तिनीहरू (लघु पूर्वाधार परियोजनाहरूमा उपभोक्ता समूहको रूपमा) को गठन गरिन्छ । तथापि, यो रुपान्तरणकारी सामाजिक परिचालन विधिको सवैभन्दा महत्वपूर्ण चरण हो, जसले आधारभूत रूपमा सम्पूर्ण सामाजिक परिचालन प्रक्रियामा सशक्तिकरणको अवधारणालाई समाविष्ट गर्दछ । यस चरणले वास्तवमा, योजना तर्जुमा र निर्णय प्रक्रियामा महत्वपूर्ण कदमको रूपमा भूमिका निर्बाह गर्दछ, जसबाट सामाजिक रूपमा सिमान्तीकृत व्यक्तिहरूलाई विकास क्रियाकलापहरूमा सहभागी हुने अवसर प्रदान

गरिन्छ । यस चरणमा स्थानीय समुदाय लगायत सरोकारवालाहरूको भूमिका र जिम्मेवारी सहितका क्रियाकलापहरूको योजना गरिन्छ । सिएस्पिको कार्यक्षेत्र तहमा सामाजिक परिचालनका निम्न चरणहरू हुन्छन् :

**प्रथम सार्वजनिक लेखापरीक्षण**

सार्वजनिक लेखापरीक्षण परियोजनाको वित्तीय र सामाजिक पक्षहरूको रूपमा विकास हस्तक्षेपहरूको लेखाजोखा गर्ने प्रक्रिया हो । यस प्रक्रियाले कार्यान्वयन चरणमा मात्र नभइ परियोजनाको अवधारणा निर्माणदेखि योजना र अनुगमनसम्म पनि स्थानीय जनताहरूको सक्रिय सहभागिताको प्रवर्द्धन गर्दछ । परिणामस्वरुप, विकास परियोजनामा जन सहभागिता, पारदर्शिता, जवाफदेहीता र स्वामित्व सुनिश्चित हुन्छ । आरआरएनले विकास प्रभावकारिता अभिवृद्धिका लागि प्रभावकारी परियोजना कार्यान्वयन गर्न सार्वजनिक लेखा परीक्षणलाई एक साधनको रूपमा प्रयोग गर्दै आएको छ । जारी परियोजनाको बारेमा स्थानीय जनताको सामाजिक जागरण सुनिश्चित गर्न कार्यक्षेत्र तहमा प्रथम, मध्यावधि र अन्तिम गरी तीनवटा सार्वजनिक लेखा परीक्षणहरूको अभ्यास गरिएको छ ।

प्रथम सार्वजनिक लेखा परीक्षण परियोजना तथा यसको कार्यान्वयनको स्वरुपका बारेमा साधारण उपभोक्ताहरू र सम्वन्धित सरोकारवालाहरूलाई जानकारी उपलब्ध गराउने प्रारम्भिक चरण हो । यस सार्वजनिक लेखा परीक्षणले सामाजिक रूपमा समावेशी समूहको गठन मार्फत सिमान्तीकृत जनताहरूको चेतना अभिवृद्धि गरी उनीहरूलाई विकास क्रियाकलापहरूको मूलधारमा ल्याउन योगदान दिन्छ । आरआरएनको सामाजिक परिचालानको मुख्य अंशको रूपमा प्रथम सार्वजनिक लेखा परीक्षणमा निम्न उप-चरणहरूको अवलम्बन गरिएको छ :

**उपभोक्ता समुदाय/सरोकारवालाहरूलाई परियोजना प्रक्रियाको अभिमूखीकरण**

आरआरएनले उपयुक्त समयमा परियोजना छनौट देखिका प्रक्रियाहरूको साधारण उपभोक्ताहरू र सरोकारवालाहरूको स्वीकृतिको लागि सूचना उपलव्ध गराउँछ ।

सम्पूर्ण उपभोक्ताहरूको रोहवरमा परियोजनास्थल सम्बन्धी सम्झौता (पूर्वाधार परियोजना)

उपभोक्ता समिति र आरआरएनका कर्मचारीले लागत सहयोगी साझेदारहरू, लागत अनुमान र आवश्यक पर्ने स्थानीय योगदानको बारेमा सम्पूर्ण जानकारी उपलब्ध गराउंछन् । यो सम्झौता सम्पूर्ण उपभोक्ताहरूको रोहवरमा परियोजना स्थलमा गरिन्छ । यस चरणका मुख्य प्रक्रियाहरू निम्न छन्:

१. **सम्झौता पत्रवारे छलफल:** सम्झौता पत्र आरआरएन कर्मचारी र उपभोक्ता समूहबाट संयुक्त रूपमा तयार पारिन्छ र पहिलो सार्वजनिक लेखापरीक्षणमा सहभागीहरू समक्ष छलफलको लागि प्रस्तुत गरिन्छ ।

२. **परियोजानाको प्रस्तावित ढाँचावारे जानकारी:** उपभोक्ता समूहसँगको परामर्शमा आरआरएन कार्यदलद्वारा तयार पारिएको परियोजना ढांचा र अनुमानित खर्च विवरण सम्पूर्ण उपभोक्ताहरू समक्ष प्रस्तुत गरिन्छ ।

३. **लागत साझेदारी** : जारी परियोजनामा समुदायको लागत योगदानबारे सम्पूर्ण उपभोक्ताहरूलाई जानकारी गराइन्छ । उनीहरूलाई स्थानीय योगदान अन्तर्गतको अनुमानित रकमबारे जानकारी उपलब्ध गराइन्छ । परियोजनाको लागि समुदायबाट अपेक्षित आर्थिक योगदान वा श्रमदानको आवश्यकताबारे प्रष्ट पारिन्छ र इच्छुक व्यक्तिहरू र सम्भाव्य साझेदारहरू पहिचान गर्नका लागि उपभोक्ताहरूबीच छलफल पनि गराइन्छ ।

**कार्य योजनालाई अन्तिम रूप दिने**

पहिलो सार्वजनिक लेखा परीक्षणमा समयको स्पष्ट खाका र जिम्मेवारीका साथ कार्ययोजना तयार पारि अन्तिम रूप दिइन्छ । त्यसपछि, सार्वजनिक समुदायको पहुँचमा राखिएको सूचनापाटी मार्फत परियोजनाको सम्पूर्ण जानकारी सार्वजनिक गरिन्छ ।

**कार्यान्वयन पूर्व/निर्माण व्यवस्थापन तालिमका अवयवहरू**

उपभोक्ता समिति र उप-समितिहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मुख्य समिति र उप-समितिलाई प्रथम सार्वजनिक लेखा परीक्षण पश्चात् र परियोजना कार्यान्वयन भन्दा पहिले कार्यान्वयन पूर्व/निर्माण व्यवस्थापन तालिमहरू प्रदान गरिन्छ । प्रथम सार्वजनिक लेखा परीक्षणमा कार्यान्वयन पूर्व/निर्माण व्यवस्थापन तालिमवारे जानकारी उपलब्ध गराइन्छ । स्वावलम्बन समूह (यो अवस्थामा उपभोक्ता समिति र उप समितिहरू) को क्षमता विकास गर्नको लागि परियोजनाको कार्यान्वयन पूर्व र कार्यान्वयन पश्चात निम्न तालिमहरू प्रदान गरिन्छ (उपभोक्ता समिति र उप-समितिहरूको सवालमा) ।

- सार्वजनिक लेखा परीक्षण,
- अधिकारमा आधारित विधि,
- लैङ्गिक समता,
- सामाजिक समावेशिता,
- निर्माण पूर्वको व्यवस्थापन,
- निर्माण पश्चातको व्यवस्थापन,
- आधारभूत देखभाल तथा मर्मत संभार (जलस्रोतसँग सम्वन्धित परियोजनाहरूको लागि) ।

## ३.१.३ कार्यान्वयन चरण

उपभोक्ताहरूसँग विस्तृत योजना तर्जुमा गरेपछि सामाजिक परिचालन कार्यान्वयन चरणमा प्रवेश गर्दछ । यस चरणमा सामाजिक परिचालनका निम्न उप-चरणहरूको अवलम्बन गरिन्छ :

**मानव, आर्थिक तथा अन्य स्रोतहरूको परिचालन**

उपभोक्ता समितिले परियोजना कार्यान्वयन शुरु गर्नासाथ यसचरण पूर्व गठित सम्पूर्ण उप-समितिहरूलाई सक्रिय रूपमा परिचालन गरिन्छ। आपूर्ति उप-समितिले निर्माण सामग्रीहरू खरिद गर्दछ, मानव स्रोत उप-समितिले मानव स्रोत परिचालन गर्दछ र लेखा उप-समितिले रकम निकासा गर्दछ र आर्थिक कारोवारको अभिलेख राख्दछ भने सल्लाहकार/अनुगमन समितिले स्रोत एवं श्रमको प्रभावकारी परिचालन सुनिश्चित गर्नका लागि अनुगमन गर्दछ ।

**मध्यावधि सार्वजनिक लेखापरीक्षण**

सामान्यतः ५० प्रतिशत काम सम्पन्न भएपश्चात उपभोक्ताहरू र प्रमुख सरोकारवालाहरूलाई दोश्रो चरणको सार्वजनिक लेखा परीक्षण (मध्यवधि सार्वजनिक लेखा परीक्षण) को लागि आह्वान गरिन्छ, जुन सामाजिक परिचालनको सवैभन्दा बढि अन्तरक्रियात्मक अंश हो । यस प्रक्रियामा उपभोक्ता समितिको भूमिका अति महत्वपूर्ण हुन्छ। यस प्रक्रिया अन्तर्गत कार्यक्षेत्र तहमा निम्न उप-चरणहरूको अवलम्बन गरिन्छ :

**प्रथम सार्वजनिक लेखा परीक्षणको संक्षिप्त पुनरावलोकन**

प्रथम सार्वजनिक लेखा परीक्षणका नतिजाहरूलाई संक्षिप्त रूपमा पूनरावलोकन गरिन्छ। प्रथम सार्वजनिक लेखा परीक्षणबाट प्राप्त सूचनाको पूनरावलोकन गरी उपभोक्ता समितिहरूलाई वितरण गरिन्छ ।

**परियोजनाको प्रगतिको र कामको गुणस्तरको लेखाजोखा**

यस चरणमा निर्माण सामग्रीको लेखाजोखा र कामको गुणस्तरको अनुगमनबारे छलफल गरिन्छ । परियोजनाको वर्तमान अवस्था, प्रगति र समस्याहरूबारे जानकारी सार्वजनिक गरिन्छ। परियोजनाको अवस्था यसको समयसीमाको आधारमा मूल्याङ्कन गरिन्छ । समुदायको सहमतिमा परियोजनाको संशोधन गरिन्छ र सोही आधारमा परियोजनाको संशोधित कार्य योजना तयार गरिन्छ ।

**परियोजना खर्च र पेश्की रकम सार्वजनिक गर्ने**

यस प्रक्रिया अन्तर्गत, खर्च र पेश्की रकमबारे जनतालाई जानकारी गराइन्छ। यस चरण अन्तर्गतका मुख्य क्रियाकलापहरूमा खर्चहरू प्रमाणित गर्ने र निर्माणमा प्रयोग भएका सामग्रीहरू सार्वजनिक गर्ने पर्दछन् ।

## ३.१.४. सार्वजनिक लेखा परीक्षणको अन्तिम चरण

परियोजना सम्पन्न भएपश्चात अन्तिम चरणको सार्वजनिक लेखा परीक्षण गरिन्छ । यस चरणमा, परियोजनाको वास्तविक खर्च सार्वजनिक गरिन्छ, परियोजनाको दिगोपनावारे छलफल गरिन्छ र परियोजना कार्यान्वयन प्रक्रियामा हासिल भएका सिकाइ उपलब्धिहरूको आदान प्रदान गरिन्छ । कार्यक्षेत्रमा निम्न उप-चरणहरू अभ्यासमा रहेका छन् ।

**प्रथम र मध्यावधिक सार्वजनिक लेखा परीक्षणको पुनरावलोकन**

प्रथम र मध्यावधिक सार्वजनिक लेखा परीक्षणहरूमा छलफल गरिएको परियोजनाको अवस्थाबारेका सम्पूर्ण जानकारीको फेरि पुनरावलोकन गरिन्छ ।

**परियोजनाको प्रगति तथा समापनबारे सूचना सार्वजनिक गर्ने**

परियोजनाको अवस्था, यसको समापन एवं कार्यान्वयन प्रक्रियामा सञ्चालन

गरिएका गतिविधिहरू बारेको सम्पूर्ण सूचना उपभोक्ताहरूसँग विस्तृत रूपमा छलफल गरिन्छ ।

**समुदायको अनुमोदनका लागि खर्च तथा पेश्की रकम विवरण सार्वजनिक गर्ने**

खर्च तथा नगद भुक्तानी एवं आर्थिक कारोवारहरूसम्बन्धी सम्पूर्ण जानकारी सार्वजनिक गरिन्छ। आर्थिक कारोवारका माध्यम तथा कोष र यो प्राप्त गर्ने स्रोतहरूबारे उपभोक्ता समुदायसित पुनरावलोकन गरिन्छ । खपत भएका सामग्रीहरू र परिचालन गरिएका मानव स्रोतहरूको अभिलेख पनि समीक्षा गरेर सार्वजनिक गरिन्छ ।

**परियोजना सञ्चालन र मर्मत संभार**

परियोजना सञ्चालन र मर्मत संभार पनि यसको दिगोपनाको लागि धेरै महत्वपूर्ण हुन्छन् । तसर्थ, दिगो रूपमा अधिकतम परिणाम हासिल गर्नका लागि सम्पन्न भइसकेका परियोजना सञ्चालन र मर्मत संभारसम्बन्धी उपभोक्ता समूहलाई जानकारी दिन निर्माणोत्तर तालिम सञ्चालन गरिन्छ ।

**अन्तरक्रिया र समापन**

उपभोक्ताहरूलाई विभिन्न सवालहरूको बारेमा स्पष्ट पार्न प्रश्नोत्तरको स्वरुपमा अन्तिम अन्तरक्रियाको आयोजना गरिन्छ । उपभोक्ता तथा सम्बन्धित सरोकारवालहरूबाट परियोजनाको व्यवस्थापन प्रक्रिया, कामको गुणस्तर, उपभोक्ता समिति र आरआरएन/सिएस्पि कार्यदलको भूमिकाको बारेमा समीक्षा जस्ता विषयहरूमा सुझाव र पृष्ठपोषण सङ्कलन गरिन्छ । त्यसपश्चात, उपभोक्ता समिति र आरआरएनका कर्मचारीले पृष्ठपोषणलाई भावी प्रयोजनका लागि सकारात्मक रूपमा लिन्छन् । अन्तमा, परियोजना समापन गरिन्छ र समितिले सम्वन्धित अधिकारीलाई परियोजना सम्पन्न भएको ब्यहोराको पत्र प्रदान गर्दछ

## ३.२. सामाजिक सशक्तिकरणको रणनीतिको रूपमा स्वावलम्बन समूहहरूद्वारा सामाजिक परिचालनः चरण र प्रक्रियाहरू

आरआरएनले सामाजिक परिचालनको रुपान्तरणकारी विधि अवलम्बन गरेको छ । यस विधि अन्तर्गत गरीब तथा सामाजिक रूपमा सिमान्तीकृत समूहहरूलाई सामूहिक सामाजिक कार्यको लागि मञ्च प्रदान गरेर विकासको मूलधारमा समाहित गर्ने प्रक्रिया महत्वपूर्ण छ । सामाजिक सशक्तिकरणको लागि सामाजिक परिचालानको प्रक्रियाको रूपमा कार्यक्षेत्र तहमा निम्न संयन्त्रहरू रहेका छन् :

**शान्ति प्रवर्द्धन समितिको गठन**

हालसालै नागरिक सचेतना समिति नामाकरण गरिएका शान्ति प्रवर्द्धन समितिहरू सामाजिक परिचालन प्रक्रियाको रुपान्तरणको लागि सबैभन्दा प्रभावकारी संस्थागत व्यवस्थापनको रूपमा देखा परेका छन् । नागरिक सचेतना केन्द्रहरू आरआरएन कार्यदलद्वारा गठन गरिएका कार्यात्मक समूहहरू हुन्, जसमा सामान्यतया विकास प्रक्रियाको मुलधारमा समाहित नभएका वञ्चित नागरिकहरू पर्दछन् । गरीब र सिमान्तीकृत सामाजिक समूहहरू (महिला, दलित, जातीय अल्प संख्यकहरू र अन्य वञ्चित समूहहरू) को अधिकारको पैरवी तथा लबि गर्दै उनीहरूको सशक्तिकरण गर्ने प्रमुख उद्देश्यका साथ नागरिक सचेतना केन्द्रहरूको गठन भएको हो । यसका अतिरिक्त, नागरिक सचेतना केन्द्रहरूले आपसी अन्तरक्रियाद्वारा पहिचान गरिएका सवालहरूको आधारमा आफ्ना सदस्यहरूलाई राजनैतिक सवालहरू, शान्ति प्रक्रिया र वकालत अभियानको विकासको बारेमा सचेत गराउन सहयोग पुऱ्याउँदछन् ।

नागरिक सचेतना केन्द्रमा प्रयोग गरिएका मुख्य प्रक्रिया र साधनहरूमा रिफ्लेक्ट (REFLECT) र शक्ति विश्लेषण हुन् । नागरिक सचेतना

केन्द्रहरूले वञ्चित सदस्यहरूका समूहका लागि रिफ्लेक्ट कक्षाहरू सञ्चालन गर्दछन् । यी कक्षाले नागरिकको दैनिक जीवनलाई प्रभावित गर्ने खालका स्थानीय समस्याहरूको पहिचान गर्ने र ती समस्याहरूलाई सम्बोधन गर्ने लक्ष राख्दछ । नागरिक सचेतना केन्द्रहरूलाई सहजिकरण गर्न आरआरएन/सिएस्पिमा अवलम्बन गरिएका निम्न प्रक्रियाहरू छन्:

- आरआरएनले स्थानीय स्रोत व्यक्तिको छनौट गरि उनीहरूलाई तालिम प्रदान गर्दछ ।

- तालिम सम्पन्न भएपछि, स्थानीय स्रोत व्यक्तिले समुदायको भ्रमण गरी समुदायहरूको सहयोगमा नागरिक सचेतना केन्द्रको गठनका लागि सहजिकरण गर्दछ ।

- प्रत्येक समूह करिब आठ महिनासम्म सक्रिय रहन्छ । यस अवधिमा मासिक रूपमा स्थानीय स्रोत व्यक्तिहरूद्वारा सहजिकरण गरिने ४ वटा रिफ्लेक्ट कक्षाहरू सञ्चालन हुन्छन् ।

- स्थानीय स्रोत व्यक्तिहरूले समूहहरूलाई सहजिकरण गर्दछन् र नागरिक सचेतना केन्द्रका सदस्यहरूलाई प्रजातन्त्र, समुदायमा शान्ति, अधिकारमा आधारित विषयहरू, राजनैतिक अधिकार (उदाहरणका लागि, सूचनाको अधिकार) महिला अधिकार, आदिको वारेमा अभिमूखिकरण गराउँदछन् ।

- स्थानीय स्रोत व्यक्तिहरूले नागरिक सचेतना केन्द्रहरूमा वैठक एवं छलफलहरूको सहजिकरण गर्दछन् र यी समूदायका मुख्य विषयहरूलाई प्राथमिकिकरण गर्न सहयोग पुऱ्याउंदछन् ।

- स्थानीय जनतासँगको अन्तरक्रियात्मक प्रक्रियाद्वारा आय आर्जन क्रियाकलापहरू, बचत र ऋण, तालिम आदिको पहिचान गरिन्छ ।

## ३.३ वृहत सामाजिक परिवर्तनका लागि स्वावलम्बन समूहहरूलाई संस्थागत गर्ने

आरआरएनले शुरुवात गरेका सम्पूर्ण हस्तक्षेपहरू मार्फत सिमान्तीकृत सामाजिक समूहहरूलाई विभिन्न पक्षहरूमा सशक्तिकरण गरिएको छ : सामाजिक समावेशीता, जीविकोपार्जनमा सुधार, आर्थिक तथा राजनैतिक सशक्तिकरण। नागरिक सचेतना समितिहरू स्वावलम्बन समूहहरूको लागि सिमान्तीकृत सामाजिक समूहहरूको सशक्तिकरण गर्ने साझा मञ्च भएका छन् भने रिफ्लेक्ट यस्तो एउटा औजार सावित भएको छ कि यसको माध्यमद्वारा सदस्यहरूले ज्ञान आर्जन गर्नुका साथै आफ्नो अधिकारको लागि वकालत तथा लबी गरिनुपर्ने सवालहरूको पहिचान गर्दछन्। यो अन्तमा सिमान्तीकृत सामाजिक समूहहरूद्वारा सरकार र सेवा प्रदायकहरूको जवाफदेहीताको मागमा परिणत हुन्छ ताकि उनीहरूले जनताका अत्यावश्यक सेवाहरूको परिपूर्ति गर्न सकून। साथै यस प्रक्रियाले गरीब तथा वञ्चित समूहहरूको आत्मसम्मान सुनिश्चित गर्दछ। यी सबै कुराहरूले दीर्घकालमा सामाजिक परिवर्तनतर्फ डोऱ्याउँदछन्।



# ४. सामाजिक परिचालनका सिकाइ उपलब्धिहरू

**स्वाबलम्बन समूहहरू वञ्चित जनताहरूको सशक्तिकरणको लागि सामाजिक परिचालनको सर्वोत्तम रणनीति साबित भएका छन् ।**

सामाजिक परिचालन स्थानीय स्तरमा प्रजातन्त्र र शान्तिलाई संस्थागत गर्न वञ्चित समुदायका जनताहरूले भोगेको समस्याहरूको वारेमा छलफल र बादविवाद गर्नको लागि वञ्चित व्यक्तिहरूलाई एउटै मञ्चमा ल्याउने सवैभन्दा उपयुक्त रणनीति साबित भएको छ । सिराहाको सिस्वानी गा.वि.स. को वार्छवामा राम समुदाय (दलित मुसर) का महिलाले सरस्वती नागरिक सचेतना केन्द्र नामको नागरिक सचेतना केन्द्र गठन गरेर लगभग तीन महिनासम्म रिफ्लेक्ट कक्षाहरू सञ्चालन गरे । नागरिक सचेतना समितिका सहजकर्ता विरेन्द्र रामले जानकारी गराएअनुसार राम समुदायका महिलाहरू एकत्रित भएर दलित महिलाहरूले भोग्नु परेका विभेदबारे छलफल गर्न शुरु गरे । त्यसपछि उनीहरूले आफ्नो गाउँमा भएको विभेदबारे वकालत गर्न एक कार्य योजना पनि तयार पारे । उनीहरूले विद्यमान असमान सामाजिक संरचनाहरूले गर्दा आफूहरू कसरी दबाइएका छन् भन्ने कुराको विश्लेषण गरे । उनीहरूले विगत तीन वर्षमा आफ्नो गाउँमा भएका महिलाअधिकार हननका घटनाहरू पनि सूचिकृत गरे । अन्तमा, उनीहरूले अन्याय विरुद्ध कदम चाल्ने निर्णय गरेर दमनको अन्त्य गर्न को माग गर्दै गोरु गाडा र्‍यालीको आयोजना गरे । नागरिक सचेतना समितिका अध्यक्षले जानकारी दिएअनुसार महिलाहरू संगठित भएर आफ्ना अधिकारहरूको बारेमा सचेत भएपछि गाउँको अवस्थामा परिवर्तन भएको छ । उनका अनुसार, कुनै घरपरिवारमा महिला विरुद्ध घरेलु हिंसा भएमा उनीहरूले सामुहिक कदम चाल्दछन् ।

**प्रभावकारी सामाजिक परिचालनले अतिरिक्त फाइदा प्राप्त हुन सक्दछ र उपलब्ध स्रोतहरूको अत्यधिक उपयोग हुन सक्दछ**

आरआरएनको सहयोग गा.वि.स., जि.वि.स, गैह्र सरकारी संस्थाहरू र अन्य निकायहरूबाट स्रोतहरू प्राप्त गर्नको लागि उत्प्रेरक भएको छ । सामाजिक परिचालनले उपभोक्ता समूहहरूलाई अन्य निकायहरूसँग स्रोतहरूको खोजी तथा माग गर्नको लागि यथेष्ठ मात्रामा सशक्तिकरण गरेको छ । बाँके जिल्लाको भवानीपुर बैजपुर -५ मा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले जनाएअनुसार आरआरएनले उनीहरूलाई उपभोक्ता समितिको रूपमा संगठित गरेपछि उनीहरूले संयुक्त रूपमा विद्यालय भवन निर्माणको परियोजना तयार पारे । आरआरएनले आंशिक आर्थिक सहयोग प्रदान गऱ्यो र उपभोक्ता समूहले बाँके जि.वि.स. सँग आंशिक आर्थिक सहयोगका लागि अनुरोध गऱ्यो । बाँके जि.वि.स. ले पनि सकारात्मक जवाफ दियो र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम मार्फत आंशिक कोष उपलब्ध गरायो ।

सामाजिक परिचालनको एउटा अंशको रूपमा रहेको सार्वजनिक लेखा परीक्षणका कारण स्थानीय जनताहरू विकास प्रतिको आफ्नो अधिकारहरूबारे सचेत भएका छन् र आफ्नो गाउँमा भैरहेका विकास क्रियाकलापवारे विस्तृत जानकारी प्राप्त गर्न इच्छुक छन् । यसले पारदर्शिता वृद्धि गर्न र सार्वजनिक स्रोतहरूको दुरुपयोग घटाउन सहयोग गरेको छ । मोरङ्ग जिल्लाको बुद्धनगरको ऋषिदेव (तराई दलित) समुदाय आफ्नो गाउँमा विद्यालय भवन निर्माणको नेतृत्वगर्न इच्छुक भएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शम्भु प्रसाद ऋषिदेवका अनुसार उनीहरूको संलग्नताले विद्यालयलाई विनियोजन गरिएका स्रोतहरूको दुरुपयोग हुने सम्भावनाको न्यूनिकरण गर्दछ ।

**सामाजिक परिचालनले विकासको समावेशी विधिमा जोड दिनका साथै र सफल र प्रभावकारी परिणामहरू सृजना गर्दछ ।**

सामाजिक रूपमा वर्जित, बिपन्न र वञ्चित समूहहरूलाई व्यक्तिगत, सामुदायिक र संस्थागत तहहरूमा समावेश गर्नको लागि विकासमा सामाजिक परिचालनको आवश्यकता महशुस गरियो । परियोजना पहिचान र कार्यान्वयनको  निर्णय प्रक्रियामा आरआरएनको (४० प्रतिशत महिला, मुख्य पदहरूमा महिला, उपभोक्ता समितिमा दलित र जातीय समूहहरूको समावेशी, आदि) समावेशी नीति रहेको छ । कार्यक्षेत्र स्तरका सबै उपभोक्ता समितिहरूले यस्तो नीतिको पालना गरेका छन् । यो नीति गाउँमा विकास प्रयासहरूको नेतृत्व गर्नको लागि अवसर प्रदान गरी सिमान्तीकृत समूहहरूको सशक्तिकरण गर्नमा उत्प्रेरक बनेको छ । यसले विकास हस्तक्षेपहरूद्वारा गरीब र वञ्चित समूहलाई फाइदा पुऱ्याउने काममा अत्युत्तम परिणामहरू सृजना गरेको छ ।

**स्थानीय समुदायको क्षमता विकासको लागि सामाजिक परिचालन सर्वोत्तम विधि हो ।**

आरआरएनले स्थानीय जनताहरूलाई धेरै प्रकारका तालिमहरू (सार्वजनिक लेखा परीक्षण, विकासमा अधिकारमा आधारित विधि, लैङ्गिक समता, सामाजिक समावेशीता, निर्माण पूर्वको व्यवस्थापन, निर्माण पश्चात्को व्यवस्थापन, जलश्रोतमा आधारित परियोजनाहरूमा आधारभूत हेरचाह र मर्मत संभार) उपलव्ध गराउँछ । यी तालिमहरूबाट सामाजिक र प्राविधिक दुवै पक्षहरूमा स्थानीय जनताहरूको क्षमता अभिवृद्धि भएको छ । परिणामस्वरुप विकास हस्तक्षेपहरूको दिगो व्यवस्थापन हुन सकेको छ ।

**नागरिक सचेतना केन्द्रहरू गरिबी र सामाजिक परिवर्तनको अवस्थामा परिवर्तन ल्याउन स्वावलम्बन समूहहरूलाई संस्थागत गर्ने साझा मञ्च भएका छन् ।**

नागरिक सचेतना केन्द्रहरू सामाजिक परिवर्तनको लागि सम्भाव्य संस्थागत

संयन्त्र बन्नको लागि मञ्च भएका छन् । यो संयन्त्रद्वारा धेरै संख्यामा वञ्चित व्यक्तिहरूले आफनो अधिकारको लागि आवाज बुलन्द गरेका छन् । यो संयन्त्र स्थानीय तहमा समावेशी प्रजातन्त्रलाई गहन रूपमा स्थापित गरी शान्तिका लागि योगदान पुर्‍याउने संभाव्य प्रक्रिया पनि सावित भएको छ ।

**जवाफदेही प्रक्रियाद्वारा गरिने परिचालन र समन्वयले स्थानीय तहमा विकास हस्तक्षेपहरूमा पारदर्शिता तथा जवाफदेहीता प्रवर्द्धन गर्न मद्दत गर्दछन् ।**

सामाजिक परिचालनले सेवा प्रदायकहरू र विकास संस्थाहरूसँग बलियो समन्वय गर्दछ । आरआरएनले विभिन्न प्रकारका संस्थाहरूसँग समन्वय गरी परिचालन गरेको छ - सरकारी निकायहरू, स्थानीय अधिकारीहरू तथा नागरिक समाज संगठनले विकास हस्तक्षेपहरूमा पारदर्शिता र जवाफदेहीता प्रवर्द्धन गरेका छन् ।